# काठमाडौं महानगरपालिका

श्री महानगरपालिकाको कार्यालय

## नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं, बागमती प्रदेश, नेपाल

(राजस्व विभाग)

पत्र संख्याः२०७९/८०

चलानी नः ०४

श्री सवै वडा कार्यालय,
काठमाडौं महानगरपालिका।

मितिः२०७९/०४/०२

**विषयः आर्थिक ऐन, २०७९ मा भएको मुख्य मुख्य व्यवस्था सम्बन्धमा**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिकाको नगरसभाको एघारौं अधिवेशनले निर्णय गरी आर्थिक वर्ष २०७९/८० मा महानगरबासीहरुले तिर्न बुझाउनुपर्ने करमा निम्नानुसारको व्यवस्था (छुट) गरिएको हुँदा सोही अनुसार कर संकलन गर्नु गराउनुहुन अनुरोध छ ।

- आर्थिक वर्ष २०७९/०८० को असोज मसान्त सम्म सम्पत्ति करमा १० प्रतिशत छुट हुने ।
- कोभिड-१९ को सञ्चयी प्रभावलाई मध्यनजर गरी महानगर क्षेत्रभित्र सञ्चालित होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घरजग्गा भई वा लिजमा लिई होटल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन भएको करदाताको हकमा आर्थिक वर्ष २०७९/०८० को सम्पत्ति करमा असोज मसान्त सम्म थप ४० प्रतिशत गरी ५० प्रतिशत र कार्तिक देखी असार मसान्त सम्म ४० प्रतिशत छुट हुने ।
- अपार्टमेन्टमा बस्ने करताताहरुको सम्पत्ति करको मुल्याङ्कन गर्दा करदाताहरुको आफ्नै जग्गा नभएको अवस्थामा करदाताले प्रयोग गर्ने अपार्टमेण्टको क्षेत्रफलक जति छ त्यती नै वरावरको क्षेत्रफललाई करदाताको जग्गा मानि सम्पत्ति कर मुल्याङ्कन गर्ने ।
- कोभिड-१९ को सञ्चयी प्रभावलाई मध्यनजर गरी आर्थिक वर्ष २०७९/०८० मा लाग्ने व्यवसाय कर आर्थिक ऐन, २०७९ को अनुसूची-७ को खण्ड (ङ) मा उल्लेखित होटल,पर्यटन तथा मनोरञ्जन क्षेत्रसंग सम्वन्धित व्यवसाय करमा २० प्रतिशत छुट हुने ।
- महिला मात्र व्यवसायी भई आ.व २०७९/८० देखि दर्ता हुने नयाँ व्यवसायमा लाग्ने व्यवसाय करमा २५ प्रतिशत छुट हुने ।
- आर्थिक वर्ष २०७९/०८० मा बहाल आम्दानी गर्ने (प्राकृतिक वा कानूनी व्यक्ति) सबैले बहाल आम्दानीको १० प्रतिशत बहाल कर बुझाउनुपर्ने ।

वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइटHttp//www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं, बागमती प्रदेश, नेपाल

(राजस्व विभाग)


पत्र संख्याः२०७९/८०

चलानी नः

- एक लाख भन्दा कम बहाल आम्दानी भएका र अन्य कुनै आम्दानीको श्रोत नभएका करदाताको हकमा वडा समितिको निर्णयको आधारमा यस चालु आ.वमा लाग्ने बहाल कर छुट हुने ।

- गत आर्थिक वर्षसम्मको तिर्न/बुझाउन बाँकी रहेको घरजग्गा कर, सम्पत्ति कर, बहालकर, मनोरञ्जन कर लगायतको करमा रहेको बक्यौतामा १० प्रतिशत जरिवाना लाग्ने ।

.........................

(डा.शिवराज अधिकारी)

विभागीय प्रमुख


वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९

ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइटHttp//www.kathmandu.gov.np